मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

कृषि ज्ञान केन्द्र

धनुषा, जनकपुरधाम

माटो स्वास्थ्य सुधार कार्यक्रमको लागी आवेदन पेश गर्ने सम्बन्धि सूचना।

प्रथम पटक प्रकाशित मिति २०८३/०७/१६ गते

कृषि ज्ञान केन्द्र धनुषाको चालु आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत माटो स्वास्थ्य सुधार कार्यक्रम रहेको हुदा कार्यक्रम संचालन गर्न ईच्छुक धनुषा जिल्लाभित्र खेति गर्ने कृषक/कृषक समूह/कृषि सहकारी/कृषि फर्महरुले यो सुचना प्रकाशन भएको मितिले ३० दिन (मिति २०८३/०८/१५ गते) भित्र कार्यालय समयमा आवश्यक कागजात सहित निवेदन पेस गर्नको लागी सुचना प्रकाशित गरिएको छ ।यस सम्बन्धि थप जनकारीको लागि कार्यालयको वेवसाईड https://akcdhanusha.gov.np मा गई सूचना, फारम, मापदण्ड तथा संचालन विधि डाउनलोड गर्न सकिनेछ वा कार्यालयको फोन नं. ०४१-४२०१४८/४२०७३९ वा ९८५४०१०००९ मा सम्पर्क गर्नुहुन अनुरोध छ।

आवश्यक कागजातहरू तथा मापदण्ड

१. कार्यालयले निर्दिष्ट गरेको फारम ।
२. खेती गर्ने जग्गाको जग्गाधनीपुर्जाको प्रतिलिपी, लिजमा लिएको जग्गाको हकमा जग्गाधनीपुर्जाको प्रतिलिपी र लिजमा लिएको कम्तिमा ५ बर्षको करारनामाको प्रतिलिपी समेत ।
३. आवेदकको नागरिकता प्रमाण पत्रको प्रतिलिपी

४. संस्था/कृषक समुह /कृषि सहकारीको हकमा (थप)

क. संस्था/समूह/सहकारीको हकमा दर्ता प्रमाणपत्र,पान नम्बर, गत आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी
ख. समूह/सहकारीको हकमा कार्यक्रम माग सम्बन्धि निर्णय, आवेदन पेश गर्न आउने अख्तियारी र संचालक समितिको नागरिकताको प्रतिलिपी पेश गर्ने ।

५. प्राङ्गारिक तथा गड्यौले मल उत्पादन गर्न ईच्छुक कृषक, कृषि उद्यमी, कृषक समूह, कृषि सहकारी संस्थाले सम्बन्धित स्थानिय तह कृषि शाखा वा वडा कार्यालयको सिफारिस पेश गर्नुपर्ने छ।

➢ माटो स्वास्थ्य सुधार कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि २०८३ बमोजिम संचालन हुनेछ ।

संचालन गर्न सकिने कृयाकलाप तथा कार्यक्रम

१. माटो जाच शिविर संचालन
२. कृषि चुनमा सहयोग
३. प्राङ्गारिक तथा गड्यौले मल उत्पादनमा सहयोग
४. हरियो मलको बिउ(ढैचा, मुंग, सनई आदी)

अन्य शर्तहरू

➢ प्रस्ताव स्वीकृत गर्ने सम्बन्धि सम्पूर्ण अधिकार कार्यालयमा निहित हुनेछ।
➢ स्वीकृत बजेट र कार्यक्रम संचालन विधी परिमार्जन/संशोधन भए अनुसार थप घट हुनेछ।
➢ झूटो विवरण पेश गरेको, कुनै किसिमको पेश्की वेरुजु वा अनियमितताामा परेको / कार्यालयमा खराब आचरण प्रस्तुत गरेका व्यक्ति वा परिवारको आवेदन जुनसुकै वेला रद्द हुनेछ।

प्रदीप कुमार यादव
प्रमुख

फोन नं ०४१-४२०१४८/४२०७३९
इमेलः akcdhanusha.chief@gmail.com